जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २१६ पृष्ठः ४ | २०८० पुस ०३ गते मंगलबार (Tuesday 19 Dec. 2023) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## ‘कमाउने छोरा गुमाएपछि सहकारी र लघुवित्तको ऋण कसरी तिर्ने ?’



शारदा पोखरेल

बारा, २ मंसिर। प्रहरीको गोली लागेर सिम्रौनगढ नगरपालिका वडा नं १ का लक्ष्मी मुखिया बिनको निधन भएपछि उनको परिवार शोकमा डुबेको छ। नगरपालिकाको विरोध कार्यक्रम हेर्न गएका मुखियाको बुधवार प्रहरीको गोली लागेर घटनास्थलमै मृत्यु भएको थियो। छोरा मृत्यु भएपछि आमा सुरथिया देवी भाव विह्वल अवस्थामा छिन्। घरमा कमाउने छोराको ज्यान गएपछि नाबालक नाति नातिनाको रेखदेख मात्रै होइन सहकारी र लघुवित्तको १० लाख ऋण कसरी तिर्ने भन्ने चिन्ता उनमा छ। मुखियाकी आमा सुरथिया देवी प्रहरीको लापरबाहीका कारण आफ्नो छोराले अकालमा ज्यान गुमाउनु परेको बताउँछिन्। मृतक मुखियाको २ वर्षको छोरा र ४ महिनाकी नाबालक छोरी छन्।

सम्पत्तिको नाममा गुठीको ५ धुर सार्वजनिक जग्गामा बनाएको सानो घर बाहेक केही छैन। स्थलगत रिपोर्टिङको क्रममा उनको घरमा पुग्दा आमा सुरथिया सासले बोल्दै रुँदै थिइन्, श्रीमती अचेत अवस्थामा थिइन् भने नाबालक बच्चाहरू आमा र हजुरआमाको अनुहार हेरेर रोइरहेका थिए। ‘कमाउने छोरा पुलिसको गोली लागेर मर्‍यो अव हामी कसरी बाच्ने ? साना किसान र लघुवित्तको १० लाख कर्जा छ ,कसरी तिर्ने ?’ आमा सुरथियाले रुँदै भनिन् ‘साना पोतापोतीलाई कसरी हुर्काउने, पढाउने ?’

मृतक मुखियाले घर बनाउने ज्यालादारी काम गरेर परिवार पेट पाल्दै आएका थिए। दैनिक ज्यालादारी काम नपाएको दिन छाक टार्न धौधौ हुन्थ्यो। सिम्रौनगढ नगरपालिकामा कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीले सेवा सुविधा नपाएका भन्दै कार्यालय मुलगेटमा ३ महिनादेखि शान्तिपूर्ण धर्ना बस्दै आएका छन्। गत बुधवार नगरप्रमुख किशोरी प्रसाद कलवारले पचरौता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई सिम्रौनगढमा हाजिर गराउन ल्याएपछि झडपको अवस्था सिर्जना भएको थियो। सोही क्रममा आन्दोलनकारीले नगरप्रमुखको गाडी तोडफोड गरेपछि प्रहरीले चलाएको गोली लागेर स्थानीय २५ वर्षीय युवा लक्ष्मी मुखियाको ज्यान गएको हो।

नगर सभामा नेपाली कांग्रेस बहुमत रहेको सिम्रौनगढमा नगरप्रमुख कलवारले मुख्यमन्त्रीको इशारामा प्रमुख प्रशासकीय प्रमुख ल्याएको आरोप छ। मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवको निजी निवास पनि यसै पालिकाको वडा नं ३ मा छ। सेवा, सुविधा नपाएका कर्मचारी र नगरप्रमुखबिचको द्वन्द्वमा स्थानीय युवकको ज्यान गएको छ। मुखियाको शव वीरगन्ज स्थित नारायणी उपक्षेत्रीय अस्पतालको शव गृहमा छ। सिम्रौनगढ नगरपालिका नेपाली कांग्रेसका वडाध्यक्षहरूले भने इप्रका सिम्रौनगढका प्रहरी निरीक्षक रविभुषण यादवले मुख्यमन्त्रीको इशारामा गोली चलाएको भन्दै घटना भएको दिनको प्रहरी निरीक्षक यादवको कल डिटेल चेक जाँच गर्नुपर्ने, नगरप्रमुख कलवारमाथि कर्तव्य ज्यान मुद्दा दर्ता गर्नुपर्ने, मृतक परिवारलाई उचित क्षतिपूर्ति, परिवारको व्यवस्थापन र रोजगारको ग्यारेन्टी हुनुपर्ने माग गरेका छन्। सिम्रौनगढ नगरपालिकामा कानुनी रूपमा नगर सभा प्रमाणित नहुँदा स्वास्थ्यकर्मी, कर्मचारी, शिक्षकले गत वर्षदेखिको तलब सुविधा पाएका छैनन्।

हाल देखिएको समस्यालाई लिएर बारा निर्वाचन क्षेत्र नं १ का संघीय सांसद अच्युत मैनाली, नगरप्रमुख कलवार, नेपाली कांग्रेसका पूर्व नगरप्रमुख विजय शंकर यादवबिच पटक पटक छलफल भए पनि निकास भने निस्कन सकेको छैन।

## जनकपुरधाममा २५ जोडी वरवधूको निःशुल्क विवाह

महेन्द्रनगर, २ पुस। विश्व हिन्दु परिषद्ले आज जनकपुरधाममा २५ जोडी वरवधूको निःशुल्क विवाह गराएको छ। परिषद् अध्यक्ष सन्तोष साहको सक्रियतामा जनकपुरधामको जानकी मन्दिरमा शुभ विवाहको कार्यक्रम आयोजना गरिएको हो। भगवान् श्रीराम तथा माता सीताको शुभ विवाह भएको अवसर पारेर जनकपुरधाममा सामूहिक निःशुल्क विवाहको आयोजना गर्नुभएको परिषद्का केन्द्रीय सदस्य डा मनोहर साहले बताए। सामूहिक शुभ विवाहका लागि लगन आवश्यक नभएको कारणले शुभ विवाहको आयोजना गरेको पनि परिषद्का केन्द्रीय सदस्य साहले बताए।

विवाहमा बेहुला तथा बेहुलीका लागि आवश्यक पर्ने कपडा, एक थान पोतेसहितका आवश्यक पर्ने सबै सामग्री परिषद्ले निःशुल्क रुपमा उपलब्ध गराएको थियो। विवाहलाई कम खर्चिलो तथा ऐतिहासिक बनाउन निःशुल्क विवाहका लागि गरिब तथा विपन्न वर्गका बेहुलाबेहुलीको छनौट गरिएको केन्द्रीय सदस्य साहले बताए। विवाहमा आउने जन्ती तथा परिवारलाई भोजन तथा आवासको व्यवस्थापन कलवार धर्मशालामा परिषद्ले नै गरेको छ। विगत पाँच वर्षदेखि विश्व हिन्दु परिषद्ले सामूहिक विवाहको आयोजना गर्दै आएको छ। यसले विवाहमा हुने भड्किलो खर्चमा कमी आउनाका साथै अर्थका कारणले विवाह हुन नसकेकालाई राहत मिल्ने गरेको विवाहमा आएका बेहुली पक्षका आफन्तहरुले बताएका छन्।

विश्व हिन्दु परिषद् नेपालले विगत चार वर्षदेखि जनकपुरधाममा विवाह पञ्चमीको भोलिपल्ट सामूहिक विवाह कार्यक्रम गर्दै आएको छ। विवाहका नाममा लिने दाइजो (दहेज) प्रथालाई चुनौती दिँदै ती जोडीहरुलाई आदर्श विवाह गरिएको हो। प्रत्येक जोडीका लागि छुट्टाछुट्टै मण्डप अर्थात् मडबा बेदी बनाइएको जिल्ला अध्यक्ष सन्तोष साहले बताए। सामूहिक विवाहका लागि जनकपुरका सहयोगी हातहरुले सहयोग गरेका थिए।

आयोजकले विवाहपूर्व झाँकी पनि निकालेर नगर परिक्रमा गरेको थियो। जनकपुरधाम रामसीताको विवाहस्थल भएकाले वैवाहिक संस्कार विकास गर्न र देश विदेशबाट यहाँ व्यक्तिहरू विवाहका लागि आउने वातावरण तयार गर्न नै परिषद्ले सनातन परम्पराको सामूहिक विकास हेतु सामूहिक विवाहको कार्यक्रम आयोजना गरेको केन्द्रीय सदस्य डा मनोहर साहले बताए। गरिब र असहायलाई विवाहमा लाग्ने भारी खर्चबाट पनि जोगाउनु सबैभन्दा ठूलो दान कन्यादानको अवसर सबैले पाऊँन् भन्ने वातावरण तयारी लागि पनि यो अवसर उपयुक्त हुन्छ भनेर नै यो सामूहिक विवाह उत्सव अवसरका रुपमा रहेको केन्द्रीय सदस्य साहले बताए।

बिहान कलवार कुट्टीमा वरवधू पक्षलाई भोजनपश्चात्

**-बाँकी तीन पेजमा**




- व्यक्तिगत सवारीको सट्टा ठुला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारी साधनको प्रयोग बढाऔं।
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं।
- आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदुषण जाँच गरौं।

**प्रदुषण घटाऔं, वातावरण जोगाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## जनसाधारण सधैँ अपहेलित !

काठमाडौँमा छिसिक्क केही हुनेबित्तिकै सबैभन्दा पहिलो मार सार्वजनिक यातायातका यात्रुले सहनुपर्छ। सार्वजनिक यातायातका साधन घन्टौं रोकिन्छ भने सरकारी र निजी सवारी साधन निर्बाध चल्न दिइन्छ। दीक्षान्त समारोह थियो त्रिभुवन विश्वविद्यालयको तर बाटैमा छेकिए बिरामी भेट्नदेखि निजी काममा निस्केका जनसाधारण। सडकमा सार्वजनिक यातायातका सवारी साधन चल्न नदिएपछि सरकारी र निजी वाहन चढ्नेहरूका लागि त सजिलो हुने नै भयो।

व्यस्त चौबाटाको छेउमा रहेको त्रिपुरेश्वरस्थित दशरथ रङ्कशालामा दीक्षान्त समारोह आयोजना गरियो। त्यहाँ त्रिविका पदेन कुलपति प्रधानमन्त्रीलगायतका 'विशिष्ट' व्यक्तिहरूका आवागमन सजिलो बनाउन पनि सार्वजनिक यातायात रोकिएको होला।

शक्ति र सम्पत्ति हुनेहरूलाई सजिलो बनाउन जनसाधारणलाई सास्ती दिइएको यो पहिलो घटना होइन भने अन्तिम पनि पक्कै हुनेछैन। किनभने, सरकारी व्यवस्थापनमा सधैँ ठूलाठालुको हित र सुविधाले प्राथमिकता पाउने गरेको छ भने शक्ति र सम्पत्ति नहुने हेपिँदै आएका छन्।

राणाहरूका पालामा पनि रिसल्लाको फौज लिएर सहरमा निस्कनेहरूको 'सवारी' चलेपछि रैतीहरूले बाटो छाड्नुपर्थ्यो। पञ्चायतकालमा राजाको सवारीका नाममा सुत्केरी बेथा लागेकी महिला लिएर अस्पताल जान लागेको एम्बुलेन्ससमेत रोकिन्थ्यो।

लोकतन्त्रमा संविधानले नै सबै नागरिकलाई समान घोषणा गरे पनि राज्य चलाउनेहरूले स्वीकार गरेनन्। व्यक्तिको 'मर्यादाक्रम' तोक्नेदेखि कथित विशिष्टहरूलाई विशेष सुविधा र सुरक्षा दिन राज्यको ढुकुटीको अनावश्यक र अनुचित अपव्यय खुलेरै गरियो।

शासन चलाउँदा नागरिकलाई विशेष र मामुली वर्गमा विभाजन गर्ने सामन्ती संस्कार भने राजतन्त्र हटाएपछि पनि हटेन बरु झन् बढेको भान हुन्छ। राष्ट्रपतिको 'सवारी'का नाममा गरिएको तामझाम र जनसाधारणलाई दिइएको सास्तीका कारण गणतन्त्रकै बदनाम हुनपुग्यो।

बहालवाला राष्ट्रपतिले आफ्नो आवागमनलाई केही सहज त बनाए तर संकीर्ण सोच र सामन्ती संस्कार परिवर्तन गराउन सकेनन्। यसैको फलस्वरूप, छिसिक्क केही हुनेबित्तिकै पहिलो सास्ती जनसाधारणले सहनुपर्ने अभ्यास बदलिएन।

आजको जामको जड कारण यही शासक र प्रशासको सोचमा जरा गाडेर बसेको सामन्ती संस्कार हो। सडकमा सवारी नियन्त्रण गर्नैपर्ने भए सरकारी र निजी सवारी साधन रोकेर सार्वजनिक यातायात सञ्चालन गराए पनि हुन्थ्यो।

जरुरी काम पर्नेहरूले सार्वजनिक यातायातको प्रयोग गर्दा पनि केही हानि हुने थिएन भने जनसाधारणले पनि यातायात सुविधाको प्रयोग गर्न पाउँथे। त्यसो त, त्रिविले मध्यसहरको साटो आफ्नै परिसरमा दीक्षान्त समारोह आयोजन गर्न पनि सक्थ्यो।

निकट भविष्यमा समेत शासन संयन्त्रमा जनमुखी सोच, संस्कार र अभ्यास देखिने अपेक्षा गर्नु सायद मूर्खता ठहरिएला। तर, शासन पद्धतिलाई लोकतन्त्रीकरण गर्ने हो भने जनतालाई मामुली ठान्ने सोच, संस्कार र अभ्यास राज्यका संयन्त्रबाट सबैभन्दा पहिले उन्मूलन गर्नुपर्छ। दुःखद विडम्बना, त्यसो हुने लक्षण भने देखिँदैन।




# खानी नवीकरण नगरिदिँदा उद्योगीका काम अवैधजस्ता भए

**हरि गौतम**

नेपालमा स्थापित सिमेन्ट उद्योगहरूले खानी नवीकरण गर्नका लागि खानी तथा भूगर्भ विभागमा आवश्यक कागजात पुऱ्याएर साउनमै निवेदन दिएकामा मङ्सिरको तेस्रो सातासम्म त्यसको टुङ्गो लागेको छैन। यसै बिचमा विभिन्न अड्चन निकाली थप कागज मागिएको छ र पनि फाइल उठेको छैन। नवीकरण गर्न नपाउँदा उद्योगले गरेका कतिपय काम अवैध जस्ता भएका छन्। अघिल्लो वर्ष १० दिनमा सकिएको नवीकरणको प्रक्रिया अझसम्म नटुङ्गिएकाले उद्योगी तनावमा छन्।

उद्योगीहरूका अनुसार सिमेन्ट उद्योगहरूको फाइल रोकिनुमा विभागका महानिर्देशक जिम्मेवार छन्। उनी फाइल हेर्नुको सट्टा विदेश घुम्न रमाउँछन् र साउनयता उनी तेस्रोपटक विदेश घुमी अहिले २५ दिनका लागि अमेरिका उडेका छन्। घिमिरेको अनुपस्थितिमा विभागको जिम्मेवारी लिने सहसचिव पनि काम गर्न उत्सुक छैनन्। उनी प्रायः अफिस नै बस्दैनन्। बसे पनि अनेकौँ बखडा खडा गरी उद्योगीको काम गर्दैनन्। सिमेन्ट उद्योग भनेको नेपालका प्रतिष्ठित उद्योगपतिले खोलेको उद्योग हो। उनीहरूको प्रभाव राजनीतिक दलदेखि सरकारसम्म रहन्छ र पनि उनीहरूको काम भएको छैन।

नेपाल सरकारले हरेक वर्षको आर्थिक ऐनमा वाणिज्य मन्त्रालयमा दर्ता भई नवीकरण हुन छुटेका फर्महरूलाई निश्चित प्रक्रिया पुऱ्याएर नवीकरण गर्ने व्यवस्था गर्दथ्यो। तर सरकारले यस वर्ष त्यो विषय आर्थिक ऐनमा छुटायो। फलतः हजारौँ व्यवसायीको फर्म रिन्यु भएको छैन। उनीहरू भ्याटमा छन्, बैंकमा ऋण छ, कारोबार गरिरहेका छन्। तर फर्म नवीकरण छैन। हरेक जिल्ला उद्योग वाणिज्य संघसहित सरोकारवालाले यसलाई कानुनतः नवीकरण गर्ने व्यवस्थाका लागि सरकारलाई अनुरोध गरिएको छ। तर सरकारले सुनेको छैन। यसले व्यवसायमा ठूलो समस्या ल्याएको छ र सरकार व्यवसाय चाहँदैन भन्ने धारणा व्यवसायीमा पर्न गएको छ।

यस वर्ष मुलुकमा चिनीको हाहाकार भयो। दुई किलो चिनी पाउन के वृद्ध, के बालक सबैले घन्टौँ लाइन लाग्नुपऱ्यो र वीरगन्जमा प्रतिकिलो ६४ रुपैयाँमा पाउने चिनी काठमाडौँमा एक सय ७० रुपैयाँसम्म पर्न गयो।

ग्रामीण क्षेत्रमा त चिनी पाउँदै पाइएन। अति आवश्यक खाद्यान्नको आपूर्ति सम्बन्धमा अनुगमन गर्ने वाणिज्य मन्त्रालय छ। त्यहाँ सचिवदेखि थुप्रै प्रशासक छन्। चिनी उत्पादनको अवस्था कृषि मन्त्रालयले मूल्याङ्कन गर्छ तर मुलुकमा करिब तीन लाख मेट्रिकटन चिनी आवश्यक हुनेमा हाम्रा उद्योगहरूले डेढ लाख मेट्रिकटन उत्पादन गरेको उनीहरूले थाहा पाएनन्। जिम्मेवार सरकारी निकायले यसतर्फ चासो दिएनन् र चिनीको हाहाकार भयो। कर्मचारीतन्त्र आफैँ सेवा–सुविधा, विदेश भ्रमणमा रमाइरह्यो मानौँ उसको कुनै जिम्मेवारी नै छैन। फलतः सरकार धेरै बदनाम भयो।

मधेस प्रदेशमा एक उद्यमीले दाल मिल खोल्ने भए। त्यसका लागि आईईए गर्नुपऱ्यो। उनले एक ठूलो गोदामभित्र सानो गोदाम बनाएर मिल खोल्न खोजेका थिए। स्थानीय वडाध्यक्षले आईईएको मुचुल्कामा सही गर्न पाँच लाख लाग्ने बताए। उद्योगीले तर्क गरे, आफूले खोल्ने मिल ठूलो गोदामभित्रको सानो गोदाममा अवस्थित छ। त्यसले कुनै वातावरण प्रदूषण गर्दैन तर वडाध्यक्ष भन्छन्– मलाई वातावरणसँग के सरोकार [ मैले जे लेख्यो त्यही हुन्छ। अन्ततः उनलाई चेपुवामा पारेर ठूलो रकमको लेनदेन भयो।

मधेस प्रदेशकै एक उद्योगले २०४२ सालतिर जग्गा खरिद गरी त्यति खेरै पर्खाल लगाई उद्योग स्थापना गरेको थियो। २०७८ सालतिर उसले त्यहाँ थप निर्माणको कार्य गर्नुपर्ने भएकाले नक्सा पास गर्नका लागि वडा कार्यालय गयो। वडाध्यक्षले भने– तिमीले सार्वजनिक जग्गा मिचेका छौ। मैले चुनाव लड्दा लाखौँ रुपैयाँ खर्च गरेको छु। मलाई २० लाख दिए नक्सा पास हुन्छ, नत्र तपाईंको पुरानो पर्खाल भत्काउनुपर्छ।

२०४२ सालमा लगाएको पर्खालले सार्वजनिक जमिन मिचेको थियो थिएन थाहा छैन। तर एक उद्योगले यस्तो अवस्थामा कसरी उद्योग गर्ने गम्भीर प्रश्न उब्जिन्छ।

सरकारले उद्योग विकासका लागि एकद्वार प्रणाली भनेको वर्षौं भयो। तर यसको कार्यान्वयन भएको छैन। जुन मन्त्रालय वा विभाग गयो, त्यहाँ ढिलासुस्ती, कुशासन र भ्रष्टाचारको मार उद्योगीहरूले भोग्नुपरिरहेको छ। काम नगरे पनि सरकारी कर्मचारीको केही बिग्रँदैन। नेपालमा काम नगर्ने कर्मचारीलाई दण्डित गर्ने कुनै कानुन नै छैन। कसैले काम नगरे सरकारले बढीमा सरुवासम्म गर्ने हो, त्यसको खास प्रयोजन छैन। काम गरेर रिस्क लिनुभन्दा काम नगरी बस्नु कर्मचारीहरू ठीक ठान्छन्। अथवा उनीहरूलाई अवैध आम्दानी हुने भए मात्र कलम चलाउँछन्। जबसम्म काम नगर्दा दण्डित हुनुपर्ने कठोर कानुन बन्दैन। तबसम्म यो रोग रहिरहनेछ। मैले भोगेको एक अनुभव, एक वरिष्ठ सहसचिवले करिब एक वर्षसम्म हाजिर मात्र गरे, कुनै टिप्पणीमा सही गरेनन्, कारण सही नगर्दा विवादमा नपरिने र सही गरेमा कतै विवादित भएर सचिवमा बढुवा नहुने पो हो कि भन्ने डर उनलाई थियो। अन्ततः उनी सचिव भए। अब कल्पना गरौँ, सो मन्त्रालय कसरी चलेको होला।

आत्मनिर्भर अर्थतन्त्रका लागि मुलुकमा उद्योग व्यवसायको विकास हुनु अपरिहार्य छ। तर त्यसका लागि सरकारले उद्योगी व्यवसायीको विश्वास जित्न सक्नुपर्छ। उनीहरू भनेको रथका दोस्रो पाङ्ग्रा अर्थात् करदाता हुन् भन्ने मान्यता राख्नुपर्छ। हाम्रोमा त्यस्तो छैन। उद्योगी व्यवसायीलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिन्छ। मुलुकमा कुशासन छ, भ्रष्टाचार छ। मुलुकमा उद्योग व्यवसाय नफस्टाउन नीतिगत व्यवस्थासँग सम्बन्धित छ। उद्योगलाई औद्योगिक व्यवसाय ऐन, वन ऐन, स्थानीय शासनसम्बन्धी ऐन, श्रम ऐन, भूमिसम्बन्धी ऐन, सामाजिक सुरक्षा ऐन, आयकर, भन्सार, गुणस्तर आदि ऐनले बाँधेको छ। अति नियमनको व्यवस्थाले गर्दा उद्योगीहरू हतोत्साहित छन्। एक भगौडा सिपाहीले युद्ध नजितेजस्तै एक निराश उद्योगपतिले अति नियमनले उद्योग बढाएर राज्यलाई बढी कर तिर्छ भनेर सोच्नु नै गलत हो। उद्योगीले खोलाको डिलमा लगेर पैसा खन्याएको छ। तर त्यसको सुरक्षण छैन। अनेकौँ आपराधिक गतिविधि उसैले भोग्नुपर्दछ।

उद्योग स्थापना गर्न पलपलमा हन्डर खानुपर्छ। भ्रष्ट कर्मचारी, कुशासनको प्रभाव, असहयोगी स्थानीय, सरकारको अकर्मण्य कार्यशैली आदिको प्रभाव हाम्रो उद्योगमा छ। आत्मनिर्भर अर्थतन्त्रका लागि नेपालमा सबैभन्दा सम्भावना भएको क्षेत्र भनेको कृषि क्षेत्र हो। आधुनिक, व्यावसायिक एवं वैज्ञानिक कृषि क्षेत्रले नै मुलुकमा आयातको प्रतिस्थापन सम्भव छ तर मुलुकमा कृषि क्षेत्रलाई छियाछिया बनाइएको छ। जमिनको अति खण्डीकरण, सिँचाइको न्यूनतम सुविधा, केही वर्ष अघिसम्म द्वैध स्वामित्व, गुणस्तरीय मल तथा बिउको अभाव, कृषकको उत्पादनले सही मूल्य नपाउनु र कृषि उपजमा बिचौलियाको बढ्दो प्रभाव एवं माफियाहरूको रजगजले गर्दा कृषि क्षेत्र फस्टाउन सकेको छैन। यसले मुलुकको समग्र आर्थिक विकासमा नकारात्मक प्रभाव पारेको छ।

उद्योग व्यवसायमा अति नियमनले नयाँ नयाँ समस्या आइरहेका छन्। अत्यन्तै महँगो कर प्रणाली, त्यसमाथि बढ्दो भ्रष्टाचार र कुशासनको मारमा उद्योगहरू छन्। श्रम ऐन श्रमिकको भलाइका लागि मात्र बनेको छ। उद्योग नरहे श्रमिक पनि रहँदैनन् भन्ने मान्यता श्रम ऐनले राख्दैन। श्रम अदालत एकतर्फी छ। त्यहाँ ९९ प्रतिशत मुद्दा श्रमिकले जित्छन् र ट्रेड युनियनका नेता श्रम अदालतका न्यायाधीश छन्। सामाजिक सुरक्षा कोष अव्यावहारिक छ। त्यसले हरेक साना उद्योगीलाई अपराधी बनाएको छ। राज्यले जसलाई जुन बेला डामे पनि डामिने।

समग्रमा भन्नुपर्दा यहाँका सत्तासीनहरूलाई उद्योगको विकास चाहिएको छैन। यो अहिलेदेखिको सोच होइन। प्रथम विश्व युद्धमा होमिएका सैनिकले विदेशबाट ल्याएको पैसाले उद्योग नखोली व्यापारका माध्यमबाट राजस्व उठाई राणाहरूले शासन गरे, पञ्चायतमा धेरथोर पनि यही भयो। बहुदल आएपछि उद्योग व्यवसायको विकासका लागि खुला अर्थतन्त्रको नीति लिए पनि मुलुक माओवादी द्वन्द्वमा गएपछि विकासको गति उल्टो हिँड्यो। माओदी विद्रोही एवं राज्यको तर्फबाट हिंसात्मक कार्य भए। गाउँ–गाउँबाट युवाहरू लखेटिए। सरकारले शान्ति सुरक्षाको नाममा मनपरी गर्न थाल्यो भने माओवादीले भौतिक संरचना, स्कुल, अस्पताल, विद्युत्गृह भत्काउने र नयाँ बन्न दिएन। फलतः मुलुक सयौँ वर्षसम्म पछि पर्न गयो।

अन्तमा जबसम्म हाम्रो कर्मचारीतन्त्रमा काम नगर्ने कर्मचारीलाई सेवाबाट हटाउने वा कारबाही गर्ने कानुन बन्दैन वा कर्मचारीतन्त्र यस्तै अयोग्य रहिरहन्छ र नेपाली समाजलाई रेगुलेट गरी कम नियमनमा चल्ने देश बन्दैन। जबसम्म कम सरकार र बढी सुशासन हुँदैन, सरकार चुस्त हुँदैन, सरकारसँग उच्च नैतिक बल हुँदैन, पारदर्शी हुँदैन, कुशासनले ग्रस्त हुँदैन, तबसम्म मुलुकको यही दशा रहिरहनेछ। मेरो श्रम, सम्पत्ति र क्षमता यही मुलुकको विकासमा खन्याउनेछु, यो देशको विकास भए मेरा सन्तति सुरक्षित रहनेछन्, उनीहरूको शिक्षादीक्षा, स्वास्थ्य र बसोबास यही मुलुकमा हुनेछ भन्ने भावना हरेक नेपालीमा आउन ढिलो भइसकेको छ। यो सबै भावना आत्मनिर्भर अर्थतन्त्र र सुशासन अर्थात् कम शासनले मात्र ल्याउन सक्छ। *(लेखक वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन्।)*

# ‘तराईमा पहिला जस्तो जाडो छैन’

**विजयकुमार साह**

ढल्केबर, २ पुस। धनुषालगायत तराईका जिल्लामा मङ्सिर लागेसँगै बाक्लो हुस्सु र अत्यधिक चिसो हुने गर्थ्यो। बाक्लो हुस्सु र कठ्याङ्ग्रिँदो चिसोका कारण मानिसको दैनिकी कामकाजसमेत प्रभावित हुने गरेको थियो। यस वर्ष पुस लाग्दासमेत त्यस्तो अवस्था देखिएको छैन। बिहान, बेलुका र रातिको समयमा अलिक चिसो लाग्ने गरे पनि दिनभर चर्को घाम लाग्ने गरेको छ। यहाँका मानिसले सामान्य लुगामै दिन बिताउने गरेका छन्। धनुषाको मिथिला नगरपालिका–६, ढल्केबरका ६७ वर्षीय रामउद्गार महतो पहिलाभन्दा अहिले मौसममा धेरै परिवर्तन आएको बताए। केही वर्षअघिसम्म मङ्सिर, पुस र माघसम्म अत्यधिक चिसो र बाक्लो हुस्सु लाग्ने गरेको बताउँदै उनले भने, “पहिला जस्तो जाडो छैन। मङ्सिर लागेपछि बाक्लो र न्यानो लुगा लगाउनु पर्थ्यो। बाक्लो हुस्सु र कठ्याङ्ग्रिँदो चिसोका कारण खेतमा काम गर्न पनि जान सकिँदैनथ्यो। यस पालि पुसमा पनि सामान्य कुर्ता र धोतीमै छु,” महतोले भने।

वातावरणविद्हरू जलवायु परिवर्तनका कारण मौसममा असन्तुलन देखिएको बताउँछन्। वर्षाको मौसममा वर्षा नहुनु, वर्षा भएपछि धेरै वर्षा हुनु, चिसो मौसममा चिसो नलाग्नु, चिसो बढेपछि अत्यधिक बढ्नु र घाम लागेपछि चर्को घाम लाग्नु– यी सबै जलवायु परिवर्तनका कारण भइरहेको छ। तराई अथवा नेपालमा मात्र नभएर विश्वमै जलवायु परिवर्तनको असर देखा परिरहेको छ।

पर्यावरण संरक्षण अभियन्ता तथा मधेश प्रदेश वन निर्देशनालयका अधिकृत सुरेश शर्माले तराईका सन्दर्भमा ०.०९ सेन्टिग्रेड तापक्रम बर्सेनि वृद्धि भइरहेकाले कम जाडो लागेको बताए। औद्योगिक विकास तथा मानवीय क्रियाकलापको उपजस्वरूप वातावरण असन्तुलन बन्दै गएको बताउँदै उनले जलवायु परिवर्तनको असर कम गर्न वायुमण्डलमा हरितगृह ग्यासको मात्रा घटाउँदै लैजानुपर्ने र हरियाली वृद्धि गर्नु एक मात्र विकल्प भएको बताए।

अधिकृत शर्माले विगतका मौसम सम्झँदै भने, “केही वर्षअघिसम्म कात्तिक मसान्तदेखि नै कठ्याङ्ग्रिँदो चिसो लाग्थ्यो। चिसोबाट जोगिन उनका स्विटर र मोटो मोटो ज्याकेट लगाउनु पर्थ्यो। त्यतिले पनि जिउ तातेन भने आगो ताप्नु पर्थ्यो तर अहिले सामान्य छ, चिसोको खासै अनुभव भइरहेको छैन।” यसै गरी पर्यावरण तथा चराचुरुङ्गी संरक्षणका क्षेत्रमा कार्य गर्दै आएका मिथिला वाइल्डलाइफ ट्रस्ट धनुषाका अध्यक्ष देवनारायण मण्डलले जलवायु परिवर्तनको असर मौसमलगायत सबैजसो क्षेत्रमा देखा परिरहेको बताए। जलवायु परिवर्तन विश्वरभर चासो र चिन्ताको विषय बनेको उनको भनाइ छ।

“जथाभाबी भइरहेको वातावरणीय विनाशमा ध्यान नदिँदा वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढेर पृथ्वीमा त्यसको गम्भीर प्रभाव देखिन थालेको छ। हाम्रा सन्ततिको भविष्य बिर्सेर हामीले आजका लागि मात्रै सोची लापरबाहीपूर्वक काम गरिरहेका छौँ। यसको अर्थ पर्यावरण संरक्षणका नाममा पूर्वाधार विकास रोक्नु पर्छ भन्ने होइन तर विकासका नाममा वातावरण विनाश गर्नु हुँदैन,” उनले भने।

# के तपाईंको गिजाबाट रगत बग्छ ? रोकथामका सरल उपाय यस्ताछन्

काठमाडौं, २ पुस। ब्रस गर्दा धेरैको गिजाबाट रगत बग्छ, जसलाई उनीहरूले बेवास्ता गर्छन्। बारम्बार ब्रस गर्दा, गिजामा चोटपटक वा ब्रिस्टल धेरै कडा हुनुका कारणले पनि रगत बग्ने समस्या हुन सक्छ, तर गिजाबाट रगत बग्नु प्रायः गम्भीर समस्याको संकेत हो, जुन तपाईंको स्वास्थ्यको लागि धेरै हानिकारक हुन सक्छ। समयमै उपचार नगरे पछि त्यसको परिणाम भोग्नुपर्ने हुन्छ। यदि तपाईलाई पनि यस्तो समस्या छ भने, सावधान रहनुहोस्। क्लिभल्याण्ड क्लिनिकका अनुसार गिजाबाट रगत बग्नु नष्लनष्खष्तष्क को संकेत हुन सक्छ। यद्यपि, यसका अन्य धेरै कारणहरू हुन सक्छन्, जस्तै हर्मोनको असंतुलन, भिटामिनको कमी र तनाव पनि यसको कारण हुन सक्छ। आउनुहोस् जानिराखौं कसरी गिजाबाट रगत आउनबाट बच्न सकिन्छ।

**सही ब्रश छान्नुहोस्**

तपाईको टूथब्रशले तपाईको गिजालाई हानि पुऱ्याउन सक्छ। त्यसैले, ब्रश किन्दा, यसको ब्रिस्टल नरम होस् भनेर सुनिश्चित गर्नुहोस्। किनकी ब्रिस्टलहरू कडा हुन्छन्, तपाईंको गिजाहरू छिल्न सक्छन्, जुन तिनीहरूका लागि हानिकारक हुन सक्छ। त्यसैले सही ब्रश छान्नुहोस्।

**मुखको स्वच्छताको ख्याल राख्नुहोस्**

दाँतमा हुने फोहोरका कारण गिजामा पनि नकारात्मक असर पर्छ। त्यसैले, खराब मौखिक स्वच्छताको कारण तपाईंको गिजाबाट रगत आउन सक्छ। यसबाट बच्न दिनको दुई पटक ब्रस र लस गर्नुहोस्। यसो गर्दा दाँतमा जमेको फोहोर सफा हुन्छ र गिजा पनि स्वस्थ रहन्छ।

**नुन–पानीको प्रयोग**

मनतातो पानीमा नुन कुल्ला गर्नु तपाईंको गिजाको लागि धेरै लाभदायक हुन सक्छ। त्यसैले मनतातो पानीले कुल्ला गर्नाले गिजाबाट रगत बग्ने समस्याबाट बच्न सकिन्छ।

**भिटामिन सी खानुहोस्**

भिटामिन सीको कमीले पनि गिजाबाट रगत आउन सक्छ। त्यसैले भिटामिन–सीको कमी हुन नदिने यो महत्त्वपूर्ण छ। यसको कमीले स्कर्भी निम्त्याउन सक्छ, जसमा गिजाबाट रगत बग्छ। सुन्तला, किवी जस्ता फलफूललाई आफ्नो आहारको हिस्सा बनाउनुहोस्।

**नियमित चेकअप**

आफ्नो मुखको स्वास्थ्यको ख्याल राख्नको लागि, यो महत्त्वपूर्ण छ कि तपाईंले नियमित रूपमा दन्तचिकित्सकमा जानुहोस् र चेकअप गराउनुहोस्, ताकि यदि कुनै समस्या छ भने, समयमै उपचार गर्न सकिन्छ।

# यस वर्षको विवाह पञ्चमी महोत्सव सम्पन्न

काठमाडौं, २ पुस। जनकपुरको जानकी मन्दिरमा विवाह पञ्चमी महोत्सव सम्पन्न भएको छ। विवाह पञ्चमी महोत्सवअन्तर्गत आज सोमवार रामकलेवा विधि सम्पन्न भएसँगै यस वर्षको विवाह पञ्चमी महोत्सव सम्पन्न भएको हो। विवाहपछि मिथिलाञ्चलमा बेहुलालाई खिर, मिठाईलगायतका परिकार खुवाउने परम्परा रहेको छ। यो परम्परालाई मिथिलाञ्चलमा मौहकसमेत भन्ने गरिन्छ। हिजो आइतवार राति वैदिक परम्पराअनुसार प्रतीकात्मक भगवान् राम र सीताको विवाह जानकी मन्दिरमा भएपछि आज रामकलेवा विधि गरिएको हो।

जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले रामकलेवाअन्तर्गत आज सयौँ साधुसन्तलाई ५६ व्यञ्जनको भोजन गराइएको जानकारी दिनुभयो। एक हप्तादेखि विवाह पञ्चमीका लागि भरिभराउ जनकपुरधाम गए राति सीताराम विवाह सम्पन्न भएलगत्तै श्रद्धालु भक्तजन फर्किन थालेका छन्। विवाह पञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौँ दिन मटकोर, छैँटौँ दिन स्वयम्वर र राति वैवाहिक कार्यक्रम तथा अन्तिम दिन आज रामकलेवा विधि गरी महोत्सव सम्पन्न भएको हो।

# सुधार गृहको एउटै कोठामा १५ जनासम्म बालकैदी

**शारदा पोखरेल**

पर्सा, २ पुस। सर्लाही घर भएका एक बालक जबरजस्ती करणी मुद्दामा ४ वर्षदेखि वीरगन्जस्थित बाल सुधार गृहमा छन्। १७ वर्षको उमेर पुर्पक्षमा थुनामा रहेका उनी अदालतको फैसला कुरिरहेका छन्। मुलुकी ऐनले बालबालिका सम्बन्धी मुद्दा द्रुतमार्गबाट छिटो टुंग्याउनुपर्ने कानुनी व्यवस्था गरेको छ। तर वीरगन्ज बाल सुधार गृहमा रहेका ११५ जना बालकैदीमध्ये ९० जना पुर्पक्षमा थुना छन्। २ देखि ५ वर्षसम्म पुर्पक्षमा थुनामा बस्दै आएका बालकैदीहरू अदालत छिटो फैसला भइदिए सफाइ पाउने, नपाउने टुङ्गो लाग्ने बताउँछन्। लागुऔषध मुद्दामा थुनामा रहेका वीरगन्जका बालकैदीले बालसुधार गृहमा खान, बस्न असाध्यै साँघुरो भएको, कुनै सीप, पढाइलेखाइको व्यवस्था नभएको, वैतनिक वकिल नभएको गुनासो गरेका छन्। ‘यहाँ मान्छेलाई ल्याएर गोरु, भैँसी जस्तो थुनेर राख्ने मात्रै काम हुन्छ, त्यसपछि कोही हेर्न आउँदैनन्। न खेल्ने ठाउँ छ न पढ्ने किताब छन्। दिन त्यतिकै काट्नुपरेको छ,’ वीरगन्जस्थित सुधारगृहका बालकैदीले भने।

सिरहाको लहान घर भएका अर्का बालकैदी लागुऔषधमा मुद्दामा १९ महिनादेखि पुर्पक्ष थुनामा छन्। उनलाई थुनाबाट निस्केपछि के गर्ने होला भन्ने चिन्ता छ। ‘हामी यहाँबाट निस्किँदा ३०, ३५ वर्षका हुन्छौँ, हातमा कुनै सीप छैन, पढाई लेखाइ पनि छैन, अनि हामी यहाँबाट निस्केपछि के गर्ने ?’ सिरहा लहानका बालकैदीले भने, ‘हाम्रो अनुरोध छ नेपाल सरकारलाई जबरजस्ती करणी मुद्दामा केटा केटीको ५ साल ३ साल माया प्रेम हुन्छ, बार्गेनिङ मिल्दैन केटीको परिवारले जबरजस्ती करणी मुद्दा हालिदिन्छ, अनि अन्तिममा १० लाख २० लाखमा हिसाब मिलाउँछ।’

वीरगन्जस्थित बालसुधार गृहमा रहेका ११५ जना बालकैदीहरूमध्ये अधिकांश लागुऔषध ओसारपसार, जबरजस्ती करणी, चोरी मुद्दामा थुनामा छन्। १७–१८ वर्षको उमेरमा पुर्पक्षमा थुनामा रहेका बालकैदीहरू अहिले २२–२३ वर्षका पुगिसकेका छन्। अदालतबाट समयमै मुद्दाको किनारा नलाग्दा सफाइ पाउने वा सजाय पाउने दुवैखाले बालकैदीहरू सुधार गृहको साँघुरो ठाउँमा बाध्य भएर बस्दै आएका छन्। ८ वटा जिल्लालाई लक्षित गरेर बनाइएको बाल सुधार गृहमा देशभरकै बाल कैदीहरू छन्।

बाल सुधार गृह वीरगन्जका निमित्त प्रमुख टीकाकृष्ण काफ्लेले सुधार गृहमा ठाउँ साँघुरो हुँदा साह्रै समस्या भएको बताउँछन्। ‘बस्ने ठाउँको समस्या समाधान नभएसम्म अन्य समस्या समाधान गर्न गाह्रो हुन्छ, यहाँ पढाउन, लेखाउन कोठा छैनन्, खेल्ने सामग्री ल्याए पनि खेल्ने ठाउँ छैन, सुक्खा मौसममा खानेपानीको ठुलो समस्या छ,’ निमित्त प्रमुख काफ्लेले भने ‘यहाँ १३ वर्षदेखि २४ वर्षसम्मका ११५ जना युवाहरू छन्, ११ बाई ९ को कोठामा १५ जना सुताइरहेका छौँ।’ सामान्यतया घरमा दुई जना सुत्न मिल्ने कोठाका १५ जना खचाखच गरेर सुत्नुपर्ने, शौचालयको पनि त्यस्तै समस्या भएको न्यौपानेले बताएका छन्।

उनले अदालतबाट ६ महिना देखि २ वर्षसम्म सजाय हुने मुद्दामा पनि लामो समयदेखि पुर्पक्षमा थुनामा बस्नुपर्ने बाध्यता रहेको बताएका छन्। ‘हामीकहाँ आएर २–३ वर्ष बस्छन्। कसैलाई २ महिना, कसैलाई ६ महिना, १ वर्ष सजाय हुन्छ। अरू त्यत्तिकै बसेर काटेका हुन्छन्, यो कुरालाई हामीले नेपाल सरकारको विभिन्न फोरममा उठाउँदा कानुनै बनेको छैन भन्ने कुरा आएको छ। बालकैदीहरूको समय त्यतिकै समय खेर गएको छ। सरकारले यसको क्षतिपूर्तिको व्यवस्था गर्नु पर्छ।’ पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बाल सुधार गृहलाई मानव सेवा आश्रमको भवनमा सार्ने विषयमा वीरगन्ज महानगरसँग छलफल भइरहेको बताएका छन्। मानव सेवा आश्रम स्थापनदेखि सञ्चालन समितिसम्म नेपाली कांग्रेसका प्रतिनिधिको योगदान बढी भएको र महानगरमा जसपाको नेतृत्वमा रहेकाले राजनीतिक दलहरूबिच सहमति हुनासाथ सुधार गृहलाई अन्यत्र सार्न कुनै समस्या नभएको स्थानीय प्रशासनले जनाएको छ। यसअघि भक्तपुरका बालकैदी र वीरगन्जका बालकैदीहरूबिच दोहोरो झडपको अवस्था सिर्जना भएपछि प्रत्येक महिनाको २७ गते जिल्ला प्रशासन कार्यालय पर्साको टोलीले बालसुधार गृहको अनुगमन गर्ने गरेको छ।

## जनकपुरधाममा ...

नगर परिक्रमा गराएको थियो। विश्व हिन्दु परिषद् नेपालले गरेको सामूहिक विवाहको आह्वानमा तराई मधेसको विभिन्न जिल्लाका बेहुलाबेहुली पक्षले विवाहका लागि फारम भरेका थिए। कानुनअनुसार बेहुलाबेहुलीको विवाह गर्ने उमेर पुगेको हुनुपर्ने सर्त राखिएकाले २० वर्षमाथिका बेहुलाबेहुलीको अभिभावकले फाराम भरेको थियो। आवेदन फाराममा वर र वधूको उमेर खुल्ने नागरिकता वा जन्मदर्ता संलग्न गरिएको थियो।

भौतिक दुरी कायम गरी कोरोना महामारीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

# प्लाष्टिकमा भ्रुण बोकेर हिँड्ने भारतीय नागरिक पक्राउ

सर्लाही, २ पुस। सर्लाही सदरमुकाम मलंगवामा प्याष्टिकमा भ्रुण बोकेर हिँडेका एक भारतीय नागरिक पक्राउ परेका छन्। नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले नेपाल–भारत सीमा दशगजा नजिक मलंगवा नगरपालिका–८, झिलमिलिया मन्दिर छेउबाट गर्भपतन गराएर भ्रुण फाल्न हिँडेका भारतीय नागरिकलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा भारत बिहार शिवहर नारायणपुर– ३ बस्ने ३२ वर्षीय हरिशचन्द्र कुमार सुँढी रहेका छन्।

प्रहरी टोलीले शंका लागेर खानतलासी लिँदा सुँढीले बोकेको कालो प्लाष्टिकको पोका खोलेर हेर्दा सालनालसहितको भ्रुण फेला परेको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ। सुँढीलाई जिल्ला प्रहरी कार्यालय मलंगवाको नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक ( डीएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिए।

डीएसपी थारुका अनुसार सुँढीले उक्त भ्रुण कस्को हो ? भनी बोलेका छैनन्। भ्रुण पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ। सदरमुकाम मलंगवाका

–बाँकी अन्तिम पेजमा

# शिक्षामा गरिएको लगानी अनुसार प्रतिफल प्राप्त हुनुपर्छ : राष्ट्रपति पौडेल

काठमाडौं, २ पुस। राष्ट्रपति रामचन्द्र पौडेलले शिक्षाविनाको समाज कल्पना पनि गर्न नसकिने भएकाले लगानी अनुसारको प्रतिफल प्राप्त हुनुपर्ने बताउनुभएको छ। शैक्षिक विकासमा सरकारले गरेको लगानीअनुसार प्रतिफल प्राप्तिका लागि विद्यार्थीहरू केन्द्रित हुनुपर्नेमा उहाँको जोड थियो। त्रिभुवन विश्वविद्यालयको सोमवार भएको ४९ औँ दीक्षान्त समारोहमा राष्ट्रपति पौडेलले शिक्षामा नेपाल सरकारको लगानी पर्याप्त नभए पनि सक्दो प्रयास देखिएकाले देशको भाग्य र भविष्य जनशक्तिको उत्पादनसँग जोडिएको बताए।

'राज्यको लगानी भन्नुको तात्पर्य नागरिककै लगानी हो। यसर्थ यहाँहरूको राष्ट्र र नागरिकप्रति केही दायित्व र केही कर्तव्य छ। यो दायित्व र कर्तव्य निर्वाह गर्ने कुरामा यहाँहरू चुक्नु हुने छैन भन्नेमा म आशावादी छु', राष्ट्रपति पौडेलले भने, 'तपाईंहरूले प्राप्त गर्नुभएको ज्ञान, सीप र प्रविधि राष्ट्र निर्माणका लागि उपयोगी हुनेछ र एउटा सक्षम, सबल तथा समृद्ध राष्ट्र निर्माणका लागि दीक्षित हुने तपाईं छात्रछात्राको भूमिका महत्वपूर्ण हुनेमा म विश्वस्त छु।' राष्ट्रपति पौडेलले स्वतन्त्रता, समानता, न्याय र समृद्धिको प्रगतिशील मार्गमा देशलाई अघि बढाउन नेपाली हिँडिरहेको बताउँदै देश परिवर्तनको बाटोमा अघि बढ्दाको सङ्क्रमणकालीन चुनौती र विघ्न बाधाको सामना पनि नेपालीले गर्न परिरहेको बताए।

'शिक्षित हुनेलाई दीक्षित गर्ने विद्वान् र विदुषीहरूको यस जमघटमा राष्ट्रहितप्रतिको सुमार्ग निर्धारण होस्। आज हामी हाम्रो राष्ट्रलाई स्वतन्त्रता, समानता, न्याय र समृद्धिको प्रगतिशील मार्गमा अघि बढाउनका लागि हिँडेका छौँ', राष्ट्रपति पौडेलले भने, 'देश परिवर्तनको बाटोमा अघि बढ्दाका सङ्क्रमणकालीन चुनौती र विघ्नबाधाको सामना पनि तपाईं हामीहरूले नै गर्नुपरेको छ।' राष्ट्रपति पौडेलले समावेशी विशेषतायुक्त अहिलेको संविधानले सामाजिक एकता र समानता नेपाली समाजमा लागू गर्ने क्रममा रहेको बताए। उनले भौगोलिक, सांस्कृतिक र जातीय विविधतायुक्त नेपाली समाजको एकताका लागि अहिलेको संविधान र यो व्यवस्था अत्यन्तै महत्वपूर्ण पक्ष हो भनेर हामीले बुझ्न जरुरी रहेको स्पष्ट पारे।

राष्ट्रपति पौडेलले भने, 'तपाईंहरूलाई पनि जानकारी भएकै हो कि 'लिग अफ नेसन्स'को असफलतापछि संयुक्त राष्ट्रसंघको जन्म भयो। द्वितीय विश्वयुद्धको समाप्तिपछि व्यवहारमा आएको संयुक्त राष्ट्रसंघले ७८ वर्ष पूरा गरेको छ। विश्वमा शान्ति स्थापना गर्ने र साना देशका समस्यालाई मुखरित गर्ने यस संस्थाको योगदानलाई हामी कति पनि अवमूल्यन गर्न सक्दैनौँ। तथापि यताका दशक अस्थिरता र द्वन्द्वउन्मुख देखिन्छन्। यस्तो सांसारिक पृष्ठभूमिमा हाम्रो देशमा नागरिकको दुःख र त्यागपछि नागरिक सार्वभौम हुने लोकतान्त्रिक व्यवस्था स्थापना भएको छ। समावेशी विशेषतायुक्त यस व्यवस्था र अहिलेको संविधानले सामाजिक एकता र समानता नेपाली समाजमा लागू गर्ने क्रममा रहेको छ।'

राष्ट्र निर्माण र राष्ट्रिय समृद्धिका लागि उच्च शिक्षाको जननीका रूपमा विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थाको अहम् भूमिका रहने कुरा निर्विवाद रहेको बताउँदै राष्ट्रपति पौडेलले कुनै पनि राष्ट्रको समृद्धि त्यहाँको प्राकृतिक स्रोतमा मात्र निर्भर नभई त्यसको समुचित परिचालनका लागि आवश्यक ज्ञान, सीप, प्रविधिको विकास र प्राप्तिमा निर्भर पर्ने उल्लेख गरे। ज्ञान, सीप, प्रविधिको विकासलाई प्रभावकारी, जीवनोपयोगी र देशका लागि उपलब्धिमूलक बनाउन त्रिभुवन विश्वविद्यालयले प्रदान गर्ने उच्च शिक्षा समयसापेक्ष, बजारमुखी र विश्वबजारमा प्रतिस्पर्धी बनाउनेतर्फ समयसापेक्ष नीति अँगाल्नु जरुरी रहेको उनको भनाइ थियो।

राष्ट्रपति पौडेलले राष्ट्रिय सच्चरित्र निर्माणका माध्यमबाट राष्ट्र निर्माण र राष्ट्रहितप्रति समर्पित भई उपलब्धि हासिल गर्नुमा नै यो ज्येष्ठ विश्वविद्यालयको स्थापना, यसमा सञ्चालित प्राध्यापन र अध्ययनको औचित्य पुष्टि हुने बताए। उनले भने, 'नालन्दादेखि शुरु भई अहिलेसम्मका प्रसिद्ध विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी र कर्मचारीका सामुन्ने हामीले हासिल गरेको ज्ञान–प्रज्ञान, कला–कौशल, सिप र क्षमताबाट हामीले लघुताबोध गर्नु हुँदैन भन्ने मेरो मान्यता छ। राष्ट्रिय सच्चरित्र निर्माणका माध्यमबाट राष्ट्र निर्माण र राष्ट्रहितप्रति समर्पित भई उपलब्धि हासिल गर्नुमा नै यस ज्येष्ठ विश्वविद्यालयको स्थापना, यसमा सञ्चालित प्राध्यापन र अध्ययनको औचित्य पुष्टि हुन्छ। विद्वान् सर्वत्र पूज्यते : एवं अप्प दीपो भवः को भावबाट प्रवृत्त भई गरिने हरेक कर्मबाट सिर्जित प्रतिफल नै अध्ययन अध्यापनको मूल सार हो।' नेपाल यस क्षेत्रमा सभ्यता र संस्कृतिको संगमस्थलका रूपमा रहेको बताउँदै राष्ट्रपति पौडेलले भने, 'यो हाम्रा लागि अवसरका साथै शक्ति पनि हो। बुद्ध र सीताको यस पवित्र भूमिलाई विश्वमा चिनाउने अवसर पनि हो।'

नेपालको अन्तर्राष्ट्रिय पहिचान र यस क्षेत्रमै जलवायुलाई स्थिर राख्ने कार्य नेपालका उच्च पहाड, खासगरी सगरमाथाले गरेको स्पष्ट पार्दै पौडेलले भने, 'तर विश्वको बढ्दो तापमानले गर्दा हाम्रो सभ्यताको प्रतीक हिमशिखर र सगरमाथा कालो पहाडका रूपमा परिणत हुँदैछन् भने जैवीकीय विविधता पनि नासिँदैछन्। यसै सन्दर्भमा नेपाल सरकारले पेरिस सम्झौता २०१५ साथै २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्य तहमा झार्ने प्रतिबद्धता राखेको छ। यसप्रति तपाईं हामी सबैको चासो र चिन्ता रहिरहन आवश्यक छ।'

# चार पटक शिलान्यास, तीन पटक म्याद थप,बसपार्क अझै पूरा भएन

सप्तरी, २ पुस। सप्तरीको राजविराज बसपार्कको निर्माण पूरा नभएपछि सडकबाटै बस सञ्चालन भइरहेको छ। नगरमा सडकबाट बस, मिनी बस, माइक्रोलगायतका सार्वजनिक यातायात सञ्चालन हुँदा दुर्घटनाको खतरा रहेको स्थानीय बताउँछन्। बसपार्क निर्माणमा ठेकेदारको ढिलाइका कारण निर्माण सम्पन्न हुन सकेको छैन।

विसं २०४४ मा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहले पहिलो पटक शिलान्यास गर्नुभएको थियो। त्यसपछि २०४६ मा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले शिलान्यास गरे। २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र २०७४ सालमा मा सहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालीन प्रमुख शम्भुप्रसाद यादवले संयुक्त रूपमा बसपार्कको शिलान्यास गरे।

सहरी विकास मन्त्रालयबाट १६ करोड ३८ लाख ९६ हजार ५१९ रुपियाँमा काम गर्ने ठेक्का पाएको काठमाडौँको कुलेश्वरस्थित सिनर्जी बिल्डर्स प्रालिले बसपार्क निर्माणका लागि २०७४ साल पुस१६ गते सम्झौता गरेको थियो। निर्माण कम्पनीले २०७७ साल पुस १८ गतेभित्र बसपार्क निर्माण गरिसक्नुपर्ने सम्झौतामा उल्लेख थियो तर निर्माण कम्पनीले तीन पटक म्याद थप गराए पनि हालसम्म ८५ प्रतिशत मात्रै काम सम्पन्न गरेको छ।

सघन सहरी तथा भवन निर्माण आयोजना राजविराजका प्रमुख प्रदीपकुमार सिंहका अनुसार ठेकेदार कम्पनी सिनर्जी बिल्डर्सलाई आगामी छ महिनाभित्र निर्माण सकेर हस्तान्तरण गर्न समयसीमा दिएको जानकारी दिए। उनले संसदीय समितिको अनुगमनपछि चाडपर्व आएकाले केही समय ढिलो भए पनि अब छ महिनाभित्र निर्माण सकेर हस्तान्तरण हुने बताए।

## प्लाष्टिकमा...

अवैध क्लिनिकले लिंग पहिचानपछि छ्यापछ्याप्ती गर्भपतन गराइदिने गरेका छन्। केही साताअघि मलंगवामै फोहोरको थुप्रोमा मृत जुम्ल्याह नवजात शिशु फेला परेका थिए। ती शिशु कस्ले फालेका हुन् ? भन्ने अझै खुल्न सकेको छैन।

*छोरीलाई विभेद नगरौं, समाजलाई कमजोर नपारौं*

# दशगजा नजिकै किशोर मृत फेला

सर्लाही, २ पुस। सर्लाही सदमुकाम मलंगवामा नेपाल–भारत सीमा नजिकै एक किशोर मृत अवस्थामा फेला परेका छन्। मलंगवा नगरपालिका–८, स्थित प्रहरी चौकी गोरखकालीदेखि पूर्वतर्फ अन्दाजी २०/२१ वर्षका तराई मुलको जस्तो देखिने किशोर मृत फेला परेका हुन्। मुखबाट फिज काडेको अवस्थामा जिन्स पाइन्ट र कालो सर्ट लगाएका किशोरको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ।

मृतकको शव कानुनी प्रक्रिया पूरा गरी पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा ल्याइएको छ। युवकको परिचय खुलाउन मातहतका सम्पूर्ण प्रहरी युनिटमा हुलिया पत्राचार गरी स्थानीयवासीसँग सोधखोज गरिरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिए।

# बाक्लो हुस्सु र कुहिरो

काठमाडौं, २ पुस। हाल देशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको जल तथा मौसमविज्ञान विभागले जनाएको छ। तराईका थोरै स्थानमा हुस्सु/कुहिरो लागेको छ। सोमबार दिउँसो कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहनेछ। आज राति कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक बदलीदेखि सामान्यतया सफा रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहनेछ।


## मोटरसाईकल हराएको सूचना

यही मिति २०८० मंसिर २८ गतेको दिन नवदुर्गा ट्रेडर्स गोलबजार न.पा.-६, सिरहाको अगाडीबाट नवदुर्गा ट्रेडर्सको नाउमा दर्ता रहेको गाडी हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

चेचिस नं. : BE4W900338
ईन्जिन नं. : MO634BE43L2100366
कम्पनी : TVS RTR 160CC
गाडी नं. : प्र. २-०१-००२ प ६१४८
गाडीको रंग : रातो
मोबाईल नम्बर : 9842826018



## श्री आधारभूत विद्यालय कदिमाटोल

गोलबजार न.पा.–७, सिरहा (नेपाल)

स्थापित : २०५१ साल

### शिक्षक आवश्यक सम्बन्धी सूचना

मिति : २०८०/०९/०२

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई सिरहा को च.न. २७३ मिति २०८०/५/२५ गते को प्राप्त पत्र अनुसार यस विद्यालयको मिति २०८०/८/२९ गते को विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार रिकत रहेको प्रा.शि तृतीय (राहत) दरवन्दीमा इच्छुक नेपाली नागरिकले तपसील वमोजिमको मिति र समयभित्र रितपूर्वक दरखास्त दिनहुन अनुरोध गरिन्छ।

**तपसील**

**१. विज्ञापन नं :** १/०८०/०८१
**२. पद :** प्रा.शि. तृतीय राहत
**३. पद सख्या :** १ (एक)
**४. शैक्षिक योग्यता :** आई एड. वा. कक्षा १२ उत्तीर्ण गरेको
**५. उमेर-**१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ
**६. दरखास्त दिने मिति** २०८०/९/२ गते देखि २०८०/९/१७ गते सम्म
**७. परीक्षा दस्तुर :** रा.वा बैंक गोलबजारको च.हि. नं. २१३०१००००९५६००१ मा रु १,५०० (एक हजार पाँच सय) जम्मा गरेको सककल भौचर
**८. पेश गर्नुपर्ने प्रमाणपत्रहरु :** आई. एड/कक्षा १२ उतीर्णगरेको शैक्षिक प्रमाणपत्रहरु, स्थायी अध्यापन अनुमतिपत्र, नेपाली नागरिकता को प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु – २/२ प्रति तथा शिक्षा नियमावली २०५९ को नियम ९५ बमोजिमको निरोगिताको प्रमाण पत्र को सककल प्रतिसमेत
**९. परीक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक (आवश्यकता अनुसार)
**१०. सम्पर्क मिति :** २०८०/९/१८ गते बुधवार
**११. परीक्षा मिति :** सम्पर्क मितिमा प्रकाशन गरिने छ।
**१२. दरखास्त बुझाउने समयः** १०:०० बजे देखि ४:०० बजे सम्म
१३. उम्मेदवार को सबै कागजात हरु संलग्न नभएमा परीक्षामा समावेश गरिने छैन्।

**–प्रधानाध्यापक**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)